# आ.व. २०७४/०७५ को सम्पत्ति विवरण बुझाउने सम्वन्धी अत्यन्त जरुरी सूचना ।

भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ५० को उपदफा (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा ३१ (क) को उपदफा (१) र नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा विनियमावली, २०६२ (संशोधन सहित) को विनियम १२६ बमोजिम प्रत्येक कर्मचारीले आ.व. समाप्त भएको मितले ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण बुझाउनु पर्ने कानूनी व्यवस्था भएको हुँदा आ.व. २०७४/०७५ को सम्पत्ति विवरण निर्धारित ढाँचाको फाराममा भरी प्रत्येक कर्मचारीले अलग अलग खाममा बन्द गरी देहाय बमोजिमको विवरणहरु खाम बाहिर उल्लेख गरी सम्वन्धित कार्यालय मार्फत वा सिधै २०७५ साल साउन १ गते देखि भदौ २९ गते कार्यालय समय भित्र विभागीय कारवाही शाखामा दर्ता गराउन हुन यो सूचना प्रकाशन गरिएको छ ।

**आ.व. २०७४/०७५ को सम्पत्ति विवरण**

| | |
|---|---|
| कर्मचारीको संकेत नम्वरः- | सेवाः- |
| नाम थरः- | समूहः- |
| पदः- | कार्यरत कार्यालयः- |
| तहः- | मोवाइल नम्वरः- |

१. सम्पत्ती विवरण पेश गर्नु पर्ने अन्तिम समयमा आएर धेरै कर्मचारीहरुबाट एकै पटक विवरण पेश गर्दा प्राविधिक कठिनाइ आएको खण्डमा दर्ता गर्न समस्या पर्न सक्ने हुँदा २०७५ भाद्र २९ गते भन्दा अगाबै सम्पत्ती विवरण यस विभागीय कारवाही शाखामा दर्ता गर्ने/गराउने व्यवस्थाको लागि सम्वन्धित सबैमा अनुरोध गरिन्छ ।

२. हुलाक/कुरियर वा अन्य कुनै निकायमा जुनसुकै मितिमा दर्ता भएता पनि विभागीय कारवाही शाखामा म्यादभित्र प्राप्त भएको सम्पत्ति विवरण मात्र दर्ता गरी अभिलेख राखिनेछ ।म्यादपछि प्राप्त भएको विवरणलाई प्राप्त नभए सरह मानिने छ ।

**द्रष्टव्यः**

सम्पत्ति विवरण पेश वा दर्ता गराउने दायित्व सम्वन्धित कर्मचारीको भएकोले खाम बाहिर विवरण नभरेको वा गलत विवरण भरेको वा म्याद गुज्रेको कारण सम्पत्ति विवरण दर्ता हुन नसकेमा त्यसबाट हुने जरिवाना लगायतका विषयमा सम्वन्धित कर्मचारी नै जिम्मेवार हुनेछ ।

नेपाल विद्युत प्राधिकरण

विभागीय कारवाही शाखा

दरवार मार्ग काठमाण्डौ ।